# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा ३ बमोजिमको विवरण निम्नानुसार रहेको छ ।

सूचना सार्वजनिक गर्ने निकायको नामः आई. एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लि.

सूचना सार्वजनिक गरेको अवधीः २०७६।०७।०१ देखी २०७६।०९।२९ सम्म ।

**१. निकायको स्वरुप र प्रकृति :**

आई. एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लि. कम्पनी ऐन २०६३ बमोजीम पब्लिक कम्पनीको रुपमा स्थापना भई बीमा समितिबाट स्वीकृती प्राप्त जीवन बीमा कम्पनी हो ।

**२. निकायको काम, कर्तव्य र अधिकार :**

यस कम्पनीको काम कर्तव्य र अधिकार बीमा ऐन २०४९, बीमा नियमावली २०४९ र कंम्पनीको प्रबन्धपत्र, नियमावलीले तोके बमोजिम हुनेछ ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

यस कम्पनीमा हाल कर्मचारीको **संख्या २५१** रहेको छ र कर्मचारीहरुको कार्य विवरण समय समयमा कम्पनीले तोके बमोजिम हुनेछ ।

**४. निकायबाट प्रदान गरिने सेवा :**

विभिन्न किसिमका जीवन बीमाका बीमालेख जारी गर्ने, बीमा दावी फछ्र्यौट गर्ने, जीवन बीमाका अभिकर्ता तालिम संचालन गर्ने लगायतका सेवाहरु रहेका छन् ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

यस कम्पनीले हाल सम्म केन्द्रिय कार्यालय सहित ९२ वटा शाखाहरुवाट जीवन बीमा सेवा प्रदान गर्दै आएको छ । सेवा प्रदान गर्ने शाखाहरु तथा जिम्मेवार अधिकारीहरुको नामावली यस कम्पनीको वेब साईट www.imelifeinsurance.com मा उपलब्ध छ ।

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :**

बीमा समितिबाट स्वीकृत विभिन्न बीमा योजना अन्तर्गत उमेरको आधारमा स्वीकृत बीमाशुल्क दर लागु गरी बीमालेख जारी गर्ने गरीएको छ । दावीको हकमा बीमा नियमावली २०४९ ले तोके बमोजिम गर्ने गरिएको छ ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

शाखा कार्यालय र विभिन्न तहका कर्मचारीहरुले विभिन्न निर्णय गर्न सक्ने गरि बिकेन्द्रित अख्तियारीको व्यवस्था मिलाइएको छ । अन्य एवं विशेष निर्णयहरुको हकमा निर्णय गरिने विषय वस्तुको प्रकृतीको आधारमा प्रमुख कार्यकारी अधिकृत, कम्पनीका विभिन्न समिति, उपसमिति तथा संचालक समितिबाट आवश्यक निर्णयहरु लिने गरिएको छ ।

**८. निर्णय उपर उजूरी सुन्ने अधिकारी :**

उजुरीको प्रकृतिको आधारमा सम्बन्धित शाखा प्रमुख, विभागिय प्रमुख तथा प्रमुख कार्यकारी अधिकृत उजुरी सुन्ने अधिकारीका रुपमा रहनुहुनेछ ।

**९. सम्पादन गरेको कामको विवरण :**

बीमा ऐन २०४९, बीमा नियमावली २०४९ तथा बीमा समितिले तोके बमोजिम जीवन बीमा संग सम्बन्धित कारोवारहरुका सम्बन्धमा कम्पनीले सम्पादन गरेका वित्तिय कारोवारका विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रिकामा नियमित रुपमा प्रकाशित गरिनेछ । साथै कम्पनीको वेव साइटमा पनि विवरणहरु राखिएको छ ।

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पद :**

कार्यालय प्रमुखको नाम : श्रीचन्द्र भट्ट

सूचना अधिकारीको नाम : सुदिप राणा

**११. ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची :**

कम्पनी ऐन २०६३, धितोपत्र ऐन २०६३ तथा नियमावली २०६४, बीमा ऐन २०४९ तथा नियमावली २०४९, आयकर ऐन २०५८ तथा नियमावली २०५९ बीमा समितिवाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका २०७५, सम्पत्ती शुद्धिकरण तथा आतङ्ककारी कृयाकलाप वित्तिय लगानी निवारण निर्देशिका २०६९ तथा बीमा समितिवाट जारी अन्य निर्देशन, परिपत्र एवं कम्पनीको संचालक समितिवाट जारी नीति नियम तथा विनिमयहरु ।

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**

कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अद्यावधिक विवरणहरु त्रैमासिक रुपमा प्रत्येक त्रैमासिक समाप्त भएको ३० दिन भित्रमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने गरीएको र वेव साइटमा समेत उपलब्ध गराइएको छ ।

**१३. तोकिए बमोजिमका अन्य विवरण :**

तोकिए बमोजिमका विवरणहरु निर्दिष्ट ढाँचामा तयार गरि सम्बन्धित निकायमा पठाउने गरिएको छ ।

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :**

नभएको ।

**१५. सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण :**

www.imelifeinsurance.com

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण :** नभएको ।

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन :**

कम्पनीले संचालन गरेको कार्यकम र सो को प्रतिवेदन राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित हुँदै आएको, कम्पनीको वार्षिक प्रतिवेदनमा उल्लेख गरिदै आएको र वेव साईटमा समेत रहेको छ ।

**१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :** नभएको ।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो को उपर सूचना दिएको विवरण :** नभएको ।

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण :**

राष्ट्रिय स्तरको पत्र पत्रिकामा तथा यस कम्पनीको वेव साईट www.imelifeinsurance.com


IMELiFE Ensuring Future

आई. एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लि.

पोष्ट बक्स नं. ७४० , हाथवे कम्प्लेक्स, लैनचौर,काठमाण्डौ, नेपाल ।

फोन नं. ४०२४०७१ , फ्याक्स नं. ४०२४०७५

ईमेल : info@imelifeinsurance.com

वेव साईट : www.imelifeinsurance.com